# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१२/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु तिलाठी कोईलाडी गाउँपालिका का तत्कालिन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रकुमार यादवसमेत ७ जना मु.नं (०८१-CR-०१०५)<br>फैसला मिति २०८२/१०/०४ | भ्रष्टाचार (गैरकानूनी लाभ हानी)। | **आयोगको माग दावी**<br>• **प्रतिवादीहरु सुरेन्द्र कुमार यादव र शत्रोहन दासलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूरमा बिगो रू.३,१६,४१०।- (अक्षरेपी तीन लाख सोह्र हजार चार सय दश मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असूल उपर हुन, **प्रतिवादीहरु राष्ट्रिय दैनिक प्रा.लि. का प्रबन्ध निर्देशक कृष्ण बहादुर कार्की, टाईम्स रिपब्लिक मिडिया प्रा.लि. तथा उक्त कम्पनीका संस्थापक भुषण कुमार सिंह र डच मिडिया प्रा.लि. तथा उक्त कम्पनीको मुख्य भई कामकाज गर्ने निर्देशक रवि अर्याललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा मुख्य कसूरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिवादीहरु राष्ट्रिय दैनिक प्रा.लि. का प्रबन्ध निर्देशक कृष्ण बहादुर कार्की, टाईम्स रिपब्लिक मिडिया प्रा.लि. तथा उक्त कम्पनीको मुख्य भई कामकाज गर्ने संस्थापक सदस्य भुषण कुमार सिंह र डच मिडिया प्रा.लि. तथा उक्त कम्पनीको मुख्य भई कामकाज गर्ने निर्देशक रवि अर्याललाई लाई मुख्य कसूरदार सरह सजाय गरी बिगो रु. रू.३,१६,४१०।- (अक्षरेपी तीन लाख सोह्र हजार चार सय दश रुपैयाँ) असुल उपर हुन साथै, कानूनी व्यक्ति टाईम्स रिपब्लिक मिडिया प्रा.लि., र डच मिडिया प्रा.लि. को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा २३क बमोजिम समेत हुन  र सबै प्रतिवादीहरुबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेतको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला** | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• भुक्तानी भएको बिगो रकम प्रतिवादीमध्येका टाइम्स रिपब्लिक मिडिया प्रा.लि., सप्तरीले मिति २०८२/०१/१९ मा निवेदन सहित तिलाठी कोइलाडी गाउँपालिकामा दाखिला गरेको मिसिल संलग्न कागजातबाट देखिएको।<br>• टाइम्स मिडिया प्रा.लि.का प्रतिनिधि धर्मपाल राउतले अनुसन्धानको क्रममा गरेको बयानमा तिलाठी गाउँपालिकाबाट प्रकाशित गरिने सूचनाको बोलपत्र तथा आशय सम्बन्धी सामग्री लिई गएको र सूचना प्रकाशन पश्चात भुक्तानी लिने प्रक्रियामा संलग्न रहेको भनी स्वीकार गरेको र सो सम्बन्धि सूचना प्रकाशन गरिएको भनिएको सौर्य दैनिक पत्रिकाका सम्पादक बोधराज त्रिपाठीको समेत अनुसन्धानको क्रममा बयान गरेको देखिएकोमा निजहरुलाई साक्षी पनि नबनाएको र प्रतिवादी पनि नबनाएको देखिएको।<br>• विधिविज्ञान प्रयोगशालामा परीक्षणकोलागि पठाएका पत्रिका प्रकाशनको श्रोतको सम्बन्धमा प्रयोगशालामा सुविधा नभएको कारणबाट एकिन गर्न नसकिएको भनी उल्लेख भएको भन्ने समेतका उल्लिखित आधारबाट आरोपदावी बमोजिमको कसुर भएको भनी निष्कर्षमा पुग्न सकिने अवस्था नरहेको। | • केही दैनिक पत्रिकाका व्यवस्थापकहरुको मिलेमतोमा नेपाल सरकारका विभिन्न निकायबाट पत्रिकामा छापिनुपर्ने टेण्डरका विज्ञापनमा विभिन्न पत्रपत्रिकाले अनियमितता गरी भ्रष्टाचार भएकोले आवश्यक छानविन गरी कारवाही गरी पाऊँ भन्ने समेत व्यहोराको उजुरी निवेदन उपर अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा तिलाठी कोईलाडी गाउँपालिकाको सूचना नं. ०३/०७९/०८० राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्नको लागि गाउँपालिकाको पत्र मार्फत टाईम्स रिपब्लिक मिडिया प्रा.लि. लाई पत्राचार गरेको देखिन्छ। टाईम्स रिपब्लिक मिडिया प्रा.लि.ले गाउँपालिकाको बोलपत्रको सूचना र आशयको सूचना प्रकाशनको लागि डच मिडियाका रवि अर्याललाई मौखिकरुपमा दिएको भन्ने बेहोरा अनुसन्धानबाट खुलेको देखिन्छ भने डच मिडियाले गाउँपालिकाको सूचना प्रकाशनको लागि प्रभाव दैनिकका प्रबन्ध निर्देशक कृष्ण बहादुर कार्कीलाई मौखिक भनेको भन्ने बेहोरा अनुसन्धानको क्रममा प्रतिवादीहरुले खुलाएको र तिलाठी कोईलाडी गाउँपालिकाको सूचना नं. ०३/०७९/०८० को बोलपत्र र आशयपत्रको सूचना प्रकाशित गरिदिएवापत टाईम्स रिपब्लिक मिडिया प्रा.लि.ले मिति २०७९ चैत २३ गते बिहीबारको सौर्य दैनिक (वर्ष १२, अंक ४६, बिहीबार, २३ चैत २०७९, Thursday, ६ April २०२३) पत्रिकाको पृष्ठ ६ मा र आशयपत्रको सूचना मिति २०८० जेठ १२ गते शुक्रबारको सौर्य दैनिक (वर्ष १२, अंक ९६, शुक्रबार, १२ जेठ २०८०, Friday, २६ May २०२३) पत्रिकाको पृष्ठ ३ मा प्रकाशित भएको भनि बोलपत्र आह्वान र आशयपत्रको सूचना छपाईको क्रमशः रु.२,१३,५७०।- (अक्षरेपी दुई लाख तेह्र हजार पाचँ सय सत्तरी) र रु.१,१८,६५०।- (एक लाख अठार हजार छ सय पचास) गरी जम्मा रु.३,३२,२२०।-(अक्षरेपी तीन लाख बत्तिस हजार दुई सय बीस) रुपैयाँको बिल तिलाठी कोईलाडी गाउँपालिकाको नाममा जारी गरेपश्चात गाउँपालिकाबाट टाईम्स रिपब्लिक मिडिया प्रा.लि लाई रु.३,१६,४१०।-(अक्षरेपी तीन लाख सोह्र हजार चार सय दश) (भ्याट बाहेक) भुक्तानी गरेको देखिन्छ। सौर्य दैनिक पत्रिकाले उक्त मिति २०७९/१२/२३ र मिति २०८०/०२/१२ गते प्रकाशन गरेको पत्रिकाको विवरण प्रेस काउन्सिल नेपालमा पेस गरेको देखिएकोमा प्रेस काउन्सिल नेपालको पत्र मार्फत प्राप्त हुन आएको सौर्य दैनिक पत्रिकाको मिति २०७९ चैत २३ गते बिहीबार (वर्ष १२, अंक ४६, बिहीबार, २३ चैत २०७९, Thursday, ६ April २०२३) र सौर्य दैनिक पत्रिकाको मिति २०८० जेठ १२ गते शुक्रबार (वर्ष १२, अंक ९६, शुक्रबार, १२ जेठ २०८०, Friday, २६ May २०२३) को सक्कल प्रतिको कुनै पनि पृष्ठमा तिलाठी कोईलाडी गाउँपालिकाको सूचना नं. ०३/०७९/०८० को बोलपत्रको सूचना र आशयपत्रको सूचना प्रकाशित भएको देखिदैन। पत्रपत्रिका व्यवस्थापन प्रणालीको PDF अभिलेखमा समेत हेर्दा सौर्य दैनिक पत्रिकाको मिति २०७९ चैत २३ गते बिहीबार (वर्ष १२, अंक ४६, बिहीबार, २३ चैत २०७९, Thursday, ६ April २०२३) र मिति २०८० जेठ १२ गते शुक्रबार (वर्ष १२, अंक ९६, शुक्रबार, १२ जेठ २०८०, Friday, २६ May २०२३) को पत्रिकाको कुनै पनि पृष्ठमा तिलाठी कोईलाडी गाउँपालिकाको बोलपत्र आह्वान र आशयपत्रको सूचना प्रकाशित भएको नदेखिएको र प्रेस काउन्सिल नेपालबाट प्राप्त उक्त पत्रिका परीक्षणका लागि केन्द्रीय प्रहरी विधि बिज्ञान प्रयोगशालामा पठाइएकोमा दुबै पत्रिकाको बोलपत्रको सूचना प्रकाशित भएको र नभएको पत्रिकाको पृष्ठ ६ र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको र नभएको पृष्ठ ३ बाहेक अन्य सबै पृष्ठहरु "do tally on Superimposition; as being same in Shape, Size, Design and Spacing of Letters" भनि राय प्राप्त भएको देखिन्छ। तिलाठी कोईलाडी गाउँपालिकाबाट उपलब्ध गराईएको तिलाठी कोईलाडी गाउँपालिकाको बोलपत्र आह्वानको सूचना र आशयको सूचना प्रकाशित भएको सौर्य राष्ट्रिय दैनिक पत्रिका र प्रेस काउन्सिल नेपालबाट प्राप्त उक्त पालिकाको बोलपत्रको सूचना र आशयको सूचना नभई अन्य समाचार छापिएको दुई प्रकृतिको सौर्य दैनिक पत्रिका अस्तित्वमा रहेको देखिएबाट तिलाठी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • प्रतिवादीहरु सुरेन्द्रकुमार यादव, शत्रोहन दास, भुषणकुमार सिंह, रवि अर्याल, कृष्ण बहादुर कार्की, टाईम्स रिपब्लिक मिडिया प्रा.लि र डच मिडिया प्रा.लि. लाई आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने ठहर गरी फैसला भएको देखिन्छ। | | कोईलाडी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव समेतको मिलेमतोमा गाउँपालिकाको उक्त सूचना सार्वजनिक नभईदियोस् भनी बदनियत राखी तिलाठी कोईलाडी गाउँपालिकाको ठेक्का प्रयोजनको लागि मात्र छुट्टै एक प्रति पत्रिका मात्र प्रकाशन गरी गराई तिलाठी कोईलाडी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, सह-लेखापाल शत्रोहन दास, टाईम्स रिपब्लिक मिडिया प्रा.लि. का संस्थापक सदस्य भुषण कुमार सिंह, डच मिडिया प्रा.लि. का निर्देशक रबि अर्याल तथा प्रभाव राष्ट्रिय दैनिक प्रा.लि. का प्रबन्ध निर्देशक कृष्ण बहादुर कार्की समेतका प्रतिवादीहरुले आपसी मिलेमतोमा आफूहरुलाई गैरकानूनी लाभ तथा तिलाठी कोईलाडी गाउँपालिकालाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बदनियतले सौर्य राष्ट्रिय दैनिक पत्रिकाको एक प्रति मात्र कही कतैबाट तयार गरी गराई त्यसरी तयार गरिएको झुट्टा विवरण सहितको पत्रिका, झुट्टा विल तथा भरपाई लगायतको कागजातहरुको आधारमा गाउँपालिकाबाट रु.३,१६,४१०।–(अक्षरेपी तीन लाख सोह हजार चार सय दश) भुक्तानी दिई लिई भ्रष्टाचारजन्य कसूर गरेको उल्लिखित तथ्य प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा सो प्रमाणहरुलाई नजरअन्दाज गरी प्रतिवादी सुरेन्द्र कुमार यादव समेतलाई आरोप दावीबाट सफाई दिने गरी भएको उक्त फैसला प्रमाण मुल्यांकनको रोहमा त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• भुक्तानी भएको बिगो रकम प्रतिवादीमध्येका टाइम्स रिपब्लिक मिडिया प्रा.लि., सप्तरीले मिति २०८२/०१/१९ गते यस आयोगमा उजुरी परी अनुसन्धानको क्रममा प्रतिवादीहरुको बयान कार्य समेत सम्पन्न भईसके पश्चात प्रस्तुत मुद्दाको अनुसन्धान भइरहेको अवस्थामा भुक्तानी भएको रकम गाउँपालिकामा दाखिला गरेबाट नै प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसूर गरेको थप पुष्टि हुन्छ भने निज प्रतिवादीहरुले मिलेमतो गरी कसूरबाट उन्मुक्ति पाउने मनसायले बिगो रु. ३,१६,४१०।–(अक्षरेपी तीन लाख सोह हजार चार सय दश रुपैयाँ) दाखिला गरेकै आधारबाट भ्रष्टाचारजन्य कसूरबाट सृजना भएको फौजदारी दायित्वबाट उन्मुक्ति दिन मिल्दैन **यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट प्रदिपकुमार नकर्मी विरुद्ध नेपाल सरकार भएको** (ने.का.प.२०७७, अंक १, नि.नं.१०४१५ )संयुक्त इजलास)) **मुद्दामा** *"कसुर गरेको समयमा कसुरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने हुन्छ। कसुर गरेको भनी लगाइएको अभियोग दाबी प्रमाणबाट समर्थित भइसकेपछि तिर्नुपर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानी नोक्सानी भएको बिगोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरूबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने"* भनी नजिर सिद्धान्त प्रतिपादन समेत भइसकेको अवस्थामा प्रतिवादीहरु सुरेन्द्र कुमार यादव समेतले भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदा हुँदै उल्लिखित नजिर सिद्धान्तको प्रतिकूल हुने गरी भएको उक्त फैसला त्रुटि पूर्ण देखिदा बदर भागी छ।<br>• अनुसन्धानको क्रममा बयान लिएका टाइम्स मिडिया प्रा.लि.का प्रतिनिधि धर्मपाल राउत र सौर्य दैनिक पत्रिकाका सम्पादक बोधराज त्रिपाठीलाई साक्षी पनि नबनाएको र प्रतिवादी पनि नबनाएको भन्ने आधारको सन्दर्भमा विवेचना गर्दा,यि व्यक्तिहरुको हकमा पछि थप प्रमाण प्राप्त भएमा सोही बखत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९(ग) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ लगायतका प्रचलित कानूनबमोजिम दावी लिनसकिने भनी स्पष्ट रुपमा आरोपपत्रमा उल्लेख गरेको अवस्थामा यि व्यक्तिहरुलाई दावी नलिएको र साक्षी नबनाएको आधारमा यि प्रतिवादीहरु सुरेन्द्रकुमार यादव समेतले भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुँदा हुँदै यि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिन्छ।<br>• तिलाठी कोईलाडी गाउँपालिकाबाट प्राप्त मिति २०७९ चैत २३ गते बिहीबार प्रकाशित तिलाठी कोईलाडी गाउँपालिकाको बोलपत्रको सूचना प्रकाशित भएको सक्कल भनिएको सौर्य दैनिक पत्रिका र मिति २०८० जेठ १२ गते शुक्रबार प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित भएको सक्कल भनिएको सौर्य दैनिक पत्रिका र प्रेस काउन्सिल नेपालबाट प्राप्त मिति २०७९ चैत २३ गते बिहीबारको तिलाठी कोईलाडी गाउँपालिकाको बोलपत्रको सूचना प्रकाशित नभएको सौर्य दैनिक पत्रिका र मिति २०८० जेठ १२ गते |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | शुक्रबारको बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित नभएको सौर्य दैनिक पत्रिकालाई परीक्षणका लागि श्री केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा पठाइएकोमा दुबै पत्रिकाको बोलपत्रको सूचना प्रकाशित भएको र नभएको पत्रिकाको पृष्ठ ६ र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको र नभएको पृष्ठ ३ बाहेक अन्य सबै पृष्ठहरु "do tally on Superimposition; as being same in Shape, Size, Design and Spacing of Letters" भनि राय प्राप्त भएको देखिन्छ भने परिक्षण प्रतिवेदका साक्षी प्रहरी निरिक्षक रविन श्रेष्ठले अदालत समक्ष उपस्थित भई बकपत्र गर्दा परिक्षण प्रतिवेदनको व्योरालाई समर्थित हुने गरी विवादित पत्रिका परिक्षण गर्दा ती स्वभाविक रुपमा प्रिन्ट गरिएको पत्रिका एकआपसमा अंक अक्षर तथा व्यहोरा एकआपसमा मेल खाएनन् भन्ने व्यहोरा उल्लेख समेतबाट तिलाठी कोईलाडी गाउँपालिकाबाट उपलब्ध गराईएको तिलाठी कोईलाडी गाउँपालिकाको बोलपत्र आह्वानको सूचना र आशयको सूचना प्रकाशित भएको सौर्य राष्ट्रिय दैनिक पत्रिका र प्रेस काउन्सिल नेपालबाट प्राप्त उक्त पालिकाको बोलपत्रको सूचना र आशयको सूचना नभई अन्य समाचार छापिएको दुई प्रकृतिको सौर्य दैनिक पत्रिका अस्तित्वमा रहेको स्पष्ट रुपमा देखिएको अवस्थामा विधिविज्ञान प्रयोगशालामा स्रोत मात्र परिक्षणको सुविधा नभएकै आधारबाट मात्र अन्य प्रमाणहरुलाई नजरअन्दाज गरी  तिलाठी कोईलाडी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, सह-लेखापाल शत्रोहन दास, टाईम्स रिपब्लिक मिडिया प्रा.लि. का संस्थापक सदस्य भुषण कुमार सिंह, डच मिडिया प्रा.लि. का निर्देशक रबि अर्याल तथा प्रभाव राष्ट्रिय दैनिक प्रा.लि. का प्रबन्ध निर्देशक कृष्ण बहादुर कार्की समेतका प्रतिवादीहरुले आपसी मिलेमतोमा आफूहरुलाई गैरकानूनी लाभ तथा तिलाठी कोईलाडी गाउँपालिकालाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बदनियतले सूचनाको बेहोरा लुकाई छिपाई, सार्वजनिक रूपमा प्रकाशन गरि वितरणमा ल्याईएको पत्रिकामा बोलपत्रको सूचना तथा आशयपत्रको सूचना प्रकाशन नगरी नगराई, तिलाठी कोईलाडी गाउँपालिकाको ठेक्काको प्रयोजनार्थ अभिलेखमा राख्ने गरी मात्र मिति २०७९/१२/२३ गते मुद्रित ८ पृष्ठ रहेको सौर्य दैनिक पत्रिकाको पृष्ठ ६ मा रहेको केही समचारहरुको विषयबस्तुलाई हटाई, सानो पारी गाउँपालिकाको बोलपत्र आह्वानको सूचना र मिति २०८०/०२/१२ गते मुद्रित ८ पृष्ठ रहेको सौर्य दैनिक पत्रिकाको पृष्ठ ३ मा रहेको केही समाचार हटाई, सानो पारी गाउँपालिकाको आशयपत्रको सूचना समावेश गरिएको सौर्य राष्ट्रिय दैनिक पत्रिकाको एक प्रति मात्र तयार गरी गराई त्यसरी तयार गरिएको झुट्टा विवरण सहितको पत्रिका, झुट्टा विल तथा भरपाई लगायतको कागजातहरुको आधारमा गाउँपालिकाबाट रु.३,१६,४१०।-(अक्षरेपी तीन लाख सोह्र हजार चार सय दश) भुक्तानी दिई लिई भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि हुँदा हुँदै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाणहरुबाट विशेष अदालत काठमाण्डौबाट प्रतिवादी सुरेन्द्र कुमार यादव समेत जना-७ लाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले आरोप पत्र मागदावी बमोजिम सजाय गरी पाउन सादर अनुरोध छ।विशेष अदालत ऐन,२०५९ को दफा १७ बमोजिम प्रस्तुत मुद्दाको पुनरावेदन सम्मानित सर्वोच्च  अदालतको क्षेत्राधिकार भित्र पर्दछ। |